नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## माध्यमिक तहको अध्यापन अनुमतिपत्रको विज्ञापन - २०८२
## (प्रथम पटक प्रकाशित मितिः २०८२।०४।३१ गते)

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९ को उपनियम (१) को खण्ड (ग) र नियम ९ को उपनियम (७) बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका र तोकिएबमोजिमको तालिम प्राप्त गरेका माध्यमिक तहको अध्यापन अनुमतिपत्र लिन चाहने इच्छुक व्यक्तिहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://license.tsc.gov.np/ मार्फत् अनलाइन दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञापन प्रकाशित गरिएको छ । अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् तोकिएका कागजातहरू पेस गरी राजश्व दस्तुर बुझाई सकेपछि पेस गरिएका कुनै कागजात परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने बेहोरा समेत सूचित गरिन्छ । व्यक्तिगत विवरण र पेस गर्नुपर्ने कागजातहरू सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त पेस गर्नुपर्ने छ । उम्मेदवारले पेस गरेका कुनै पनि प्रमाणपत्रहरू रुजू गर्ने क्रममा यस परीक्षाको नतिजा प्रकाशनका बखतसम्म पनि फरक परेमा वा अन्यथा पाइएमा आयोगबाट त्यस्ता दरखास्त रद्द गरिने छ ।

१. विज्ञापन नम्बरः ४३/०८२/८३

२. परीक्षाको किसिमः लिखित परीक्षा (वस्तुगत) ।

३. दरखास्त दस्तुरः रु. १०००/- (एक हजार रूपैयाँ मात्र ।)

४. दरखास्त दिने अन्तिम मितिः २०८२ भाद्र २९ गते।

५. दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः २०८२ आश्विन ०५ गतेसम्म ।

६. उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भएको ।

७. दरखास्तको माध्यमः विज्ञापन भएको तहमा अनलाइन दरखास्त प्रणालीमार्फत दरखास्त दिनुपर्नेछ । आयोगको आधिकारिक वेबसाइट https://license.tsc.gov.np/ मा Click गरी अनलाइन दरखास्त प्रणालीमार्फत दरखास्त पेस गर्न सकिने छ । दरखास्त पेस गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको लाइसेन्स दरखास्त पोर्टलमा रहेको प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिने छ ।

८. परीक्षा सञ्चालन हुने मिति र समयः २०८२ कार्तिक २२ गते दिउँसो १:०० बजे ।

९. परीक्षा केन्द्रः प्रदेश राजधानी रहेको जिल्ला र आयोगले आवश्यकतानुसार तोकेका अन्य जिल्लाहरू ।

अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिने छ ।

उपसचिव

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

१०. दरखास्त दस्तुर बुझाउने बैंक र विधिः

आयोगको अनलाइन पोर्टलबाट फाराम भरी submit गर्नुपर्नेछ। फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने। यकिन गरिसकेपछि "दरखास्त पेस गरेको विवरण" मा Click गर्ने। दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने। त्यसपछि दस्तुर बुझाउनका लागि "यहाँ क्लिक गर्नुहोस्" मा Click गर्ने। बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने।

बैंक छनोट पश्चात् "भौचर प्राप्त गर्नुहोस" मा Click गर्ने। भौचर Generate भएपछि उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्ने छ। Online payment गर्नेको हकमा भौचर Generate भएपछि त्यसै पेजमा रहेको "अनलाइन भुक्तानी गर्नुहोस्" Button मा Click गर्ने। त्यसपछि online भौचर Generate हुनेछ र रकम भुक्तानी गर्न Connect IPS, E-Sewa, Khalti र IME Pay विकल्पहरू आउने छन्। त्यसपछि Connect IPS, E-Sewa, Khalti र IME Pay मध्ये कुनै एक विकल्पमा Click गर्ने। तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने। त्यसपछि छनोट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा तोकिएको रकम (तोकिएको मितिबमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्ने। रकम दाखिला भए नभएको यकिन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने। प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्ने छ। यसका लागि आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित साथ राख्नुपर्ने छ।

११. दरखास्त दस्तुर बुझाउने अवधिः

दरखास्त दिने अन्तिम मिति २०८२/०५/२९ गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सिर्जित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट मिति २०८२/०५/३० गते बैंकिङ्ग कारोबार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रूपमा बुझाउनु पर्ने छ। दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा मिति २०८२/०६/०५ गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सिर्जित भौचर प्रिन्ट गरी सोको भोलिपल्ट मिति २०८२/०६/०६ गते बैकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रूपमा बुझाई सक्नुपर्ने छ। तर उक्त मिति २०८२/०५/३० गते वा मिति २०८२/०६/०६ गते सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिने छ।

१२. आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ६ घ (१) बमोजिम अयोग्य नभएको र सोही नियमावलीको ९(१) ग र ९ (७) बमोजिमको योग्यता पुगेको।

(ग) तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यता भएका व्यक्तिहरूले समेत दरखास्त दिन सक्ने छन्।

उपसचिव

१३. अपलोड गर्नुपर्ने कागजातहरू : नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा JPEG/PNG format (बढीमा 200 KB र घटीमा 75 KB) मा upload गर्नुपर्ने छ ।

१४. विज्ञापनसम्बन्धी थप जानकारी:

(क) लिखित परीक्षा एकै दिन एकै समयमा हुने भएकोले जुन प्रदेशबाट परीक्षामा सहभागी हुन चाहेको हो दरखास्त फाराममा सोही प्रदेश छनोट गर्नुपर्ने छ । तर एक व्यक्तिले एक प्रदेशभन्दा बढी प्रदेशमा दरखास्त दिन पाइने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रीत नपुगेको वा कुनै सर्त राखी पेस गरिएको दरखास्तमाथि कुनै कारवाही गरिने छैन ।

(ग) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुवै हात नचल्ने) व्यक्तिले सहयोगी लेखक माग गर्दा तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनिको योग्यता भएको (शिक्षा विषय लिएर प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरेको बाहेक) व्यक्तिमध्येबाट परीक्षा केन्द्र रहेको सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा रहेका रोष्टरबाट लेखन सहयोगी लिनका लागि इकाइले अनुमति दिने छ ।

(ङ) आयोगको वेबसाइट www.tsc.gov.np/ डाउनलोड मा Click गरी पाठ्यक्रम (मिति २०७८।१२।०२ मा प्रकाशित) प्राप्त गर्न सकिने छ ।

उपसचिव